# CIM
## FACTS Newsletter

Issue 18, Mangsir 2079

BIRAT EXPO 2079
AGRO-INDUSTRIAL INTERNATIONAL EXHIBITION







## विराट एक्सपो २०७९ कृषि तथा औद्योगिक अन्तर्राष्ट्रिय प्रदर्शनी

मिति : २०७९ मङसिर २९ देखि पुस ६ गतेसम्म

स्थान : डिग्री क्याम्पस, विराटनगर

समय : बिहान १० देखि साझ ७ बजेसम्म

मेरो देश मेरै उत्पादन

## हाम्रो भनाई

मुलुक कै ऐतिहासिक एवं औद्योगिक नगरी विराटनगरको औद्योगिक करिडोरका उत्पादनमूलक उद्योगहरुको प्रतिनिधिमूलक संस्था उद्योग संगठन मोरङले वि.सं. २०५३ साल देखि औद्योगिक प्रदर्शनीको आयोजना गर्दै आएको छ । यसैक्रममा यस क्षेत्रको आर्थिक गतिविधिलाई चलायमान वनाई अर्थतन्त्रमा टेवा पुऱ्याउन सातौं संस्करणका रुपमा २०७९ मंसिर २९ देखि पौष ०६ गते सम्म ऐतिहासिक विराट एक्स्पो २०७९ कृषि तथा औद्योगिक अन्तर्राष्ट्रिय प्रदर्शनीको भव्य रुपमा आयोजना गरिरहेको छ ।

संगठनले स्थापनाकाल देखि नै मुलुकको आर्थिक क्षेत्रको विकास र प्रवर्द्धनका लागि विभिन्न रचनात्मक कार्यहरुका साथै औद्योगिक उत्पादनहरुको बजार प्रवर्द्धन तथा व्यवसायीक अन्तरसम्वन्धको विकासमा योगदान पुऱ्याउदै आएको संगठनले सातौं संस्करणका रुपमा आयोजना गरिरहेको यस प्रदर्शनीमा मुलुकभरीका औद्योगिक उत्पादनहरु, कृषि तथा साना घरेलु उद्योगका उत्पादनहरु, वस्तु तथा प्रविधि एवं व्यवसायीक विकासका अन्य गतिविधिहरुका साथै सार्क राष्ट्रका प्रदर्शकहरुलाई समेत समावेश गरी वृहत रुपमा गरिदैछ ।

एक्स्पोमा नवप्रवर्द्धन स्टार्टअप उद्यमीहरु, प्रदेश नं. १ मा लगानी सम्भाव्यता भएका परियोजनाहरु, पर्यटकीय गन्तव्यको प्रचार-प्रसार र आन्तरिक पर्यटनको प्रवर्द्धन, श्रम-रोजगार र सीप फाटका लागि छुट्टै पेभिलियनको व्यवस्था गरिएको छ । स्थानीय मौलिक कलासंस्कृति तथा वस्तु तथा सेवाहरुको प्रदर्शन गरिदै छ भने एक्स्पो अवधिभर आर्थिक एवं औद्योगिक क्षेत्रका समसामयिक मुद्दाहरुमा दैनिक प्राविधिक शत्रहरु समेत संचालन गरिने कार्यक्रम रहेको छ ।

समग्र औद्योगिक इकोसिस्टमको प्रदर्शन गरिने यस एक्स्पोमा कृषि तथा उद्योगको अन्तरसम्वन्ध अभिवृद्धि, वर्तमान समयमा आर्थिक क्षेत्रमा देखिएको शिथिलतालाई चलायमान वनाई यस क्षेत्रको समग्र औद्योगिक विकास र अर्थतन्त्रलाई नै सक्रिय वनाउने अपेक्षा लिइएको छ । प्रदेश नं १ को गौरव र प्रतिष्ठाका रुपमा आफनो छुट्टै पहिचान वनाएको विराट एक्स्पोले यस क्षेत्रमा थप लगानीको वातावरण तयार गरी समग्र नीजि क्षेत्रलाई हौसला प्रदान गर्ने विश्वास उद्योग संगठन मोरङले लिएको छ ।



### देशको वर्तमान आर्थिक तथा वित्तीय स्थिति

आर्थिक वर्ष २०७९/८० को दुई महिनाको तथ्यङ्कका आधारमा

| | |
|---|---|
| **९६.२% ले घटेको छ**<br>आयात | **३५.७% ले घटेको छ**<br>निर्यात |
| **१६.७% ले बढेको छ**<br>विप्रेषण आप्रवाह<br>(नेपाली रुपैयाँमा) | **८.६४%**<br>उपभोक्ता मूल्य सूचांकमा आधारित मुद्रास्फीति<br>(वार्षिक बिन्दुगत आधारमा) |
| **रू.२७८ अर्ब १७ करोड**<br>संघीय सरकारको खर्च<br>(नेपाली रुपैयाँमा) | **रू.१२ अर्ब ४३ करोड**<br>शोधनान्तर स्थिति<br>(घाटामा नेपाली रुपैयाँ) |
| **९ अर्ब ४८ करोड**<br>कुल विदेशी विनिमय संचिति<br>(अमेरिकी डलरमा) | **रू.२०८ अर्ब ९८ करोड**<br>राजस्व परिचालन<br>(नेपाली रुपैयाँमा) |

स्रोत: नेपाल राष्ट्र बैंक, ३० भाद्र २०७९ / अक्टोबर १५, २०२२




## सुयश प्याकुरेल
## अध्यक्ष, उद्योग संगठन मोरङ


उद्योग संगठन मोरङको स्थापना २०२४ सालमा आर्थिक एवं औद्योगिक विकासका माध्यमबाट राष्ट्रिय अर्थतन्त्रमा टेवा पु¥याउने उद्देश्यले गरिएको हो । यसका संस्थापक अध्यक्ष जुद्धबहादुर श्रेष्ठ हुनुहुन्छ । उहाँ हाल दिवं·त भइसक्नु भएको छ । यो संगठन निजी क्षेत्रको प्रतिनिधिमूलक संस्था हो । यसले आ^नो स्थापनाकालदेखि नै आर्थिक एवं औद्योगिक क्षेत्रको प्रवर्धन र विकासका लागि नीतिगत बहस-पैरवी, क्षमताविकास, व्यावसायिक दक्षतासम्बन्धी सेवाहरू र नेटवर्किङजस्ता गतिविधिहरू अनवरत रूपमा सञ्चालन गर्दै आएको छ ।

विराट एक्स्पो उद्योग संगठन मोरङको सिग्नेचर इभेन्ट हो । मिति २०७९ मंसिर २९ देखि ६ पुससम्म विराटनगरस्थित डिग्री क्याम्पसको प्राङ्गणमा विराट एक्स्पोको सातौं संस्करण आज सम्माननीय राष्ट्रपति विद्यादेवी भण्डारीज्यूबाट भव्य समुद्घाटन हुँदैछ। यसका लागि सम्माननीय राष्ट्रपतिज्यूप्रति हार्दिक आभार व्यक्त गर्दछु। वर्तमानको आर्थिक समस्याका बिचमा पनि संगठनको कार्यक्रमलाई सफल बनाउन सङ्घीय, प्रदेश र स्थानीय गरी तीन तहकै सरकारले गरेको सहयोगप्रति हृदयदेखि नै आभार र धन्यवाद ज्ञापन गर्दछु ।

त्यस्तै निजी क्षेत्रका सहयात्री संघसंस्थाहरू एवम् सम्पूर्ण उद्योगी-व्यवसायीहरूले सहयोग, प्रायोजन र स्टल सहभागिता लगायतमा देखाउनु भएको उदारताका लागि उहाहरूलाई मुरीमुरी आभार र धन्यबाद अर्पण गर्दछु ।

अर्थतन्त्रमा समस्या छ भनेर हामी निजी क्षेत्र चुप लागेर बस्न मिल्दैन । विभिन्न कार्यक्रम एवं गतिविधिहरू सञ्चालन गरेर अर्थतन्त्र चलायमान बनाउन हामी निरन्तर लाग्नुपर्दछ भन्ने अठोटका साथ कठिन परिस्थितिमा हामीले विराट एक्स्पोको आयोजना गर्ने जमर्को गर्यौं । यहाँहरू सबैको साथ र सहयोगबाट आज त्यो सम्भव भएको छ । यहााहरू सबैलाई धेरैधेरै धन्यवाद ।

सातौं संस्करणसम्म आइपुग्दा यो एक्स्पो नेपालमा आयोजना हुने थोरै औद्योगिक प्रदर्शनीहरू मध्ये आ^नै छु औद्योगिक प्रदर्शनीको पहिचान तथा ब्रान्ड स्थापना गर्न सफल भएको छ । विराट एक्स्पो एक औद्योगिक एक्स्पो भएकाले यसका माध्यमबाट उत्पादक र उपभोक्ताबिच प्रत्यक्ष रूपमा व्यावसायिक अनुभव आदानप्रदान हुनेछ भन्ने हाम्रो विश्वास छ। त्यस्तै व्यावसायिक सम्बन्धको विकास एवं नयाँ प्रविधि पहिचान गर्न पनि यो एक्स्पोले ठुलो सहयोगीको भूमिका निर्वाह गर्ने कुरामा हामीले शङ्का गरेका छैनौं।

साथै एक्स्पोले कृषि उत्पादनको व्यवसायीकरण गर्न एवं पर्यटकीय गन्तव्यको प्रचार-प्रसार गरी आन्तरिक पर्यटन प्रवर्द्धन गर्न पनि मद्दत मिल्ने कुरामा हामी ढुक्क छौं। यस आयोजनाबाट नवप्रवर्द्धक स्टार्टअपहरूको व्यावसायिक विकासमा सहयोग पुग्ने अनि स्वदेशी उत्पादनको उत्पादकत्व एवं बजारको दायरा फराकिलो हुने हाम्रो विश्वास छ ।

प्रदेश नं. १ को समग्र आर्थिक एवं औद्योगिक गतिविधिलाई चलायमान वनाई आर्थिक, सामाजिक, सांस्कृतिक एवं मनोरञ्जन लगायतका क्षेत्रको प्रवर्धन गर्दै आर्थिक गतिविधि र विकासमा टेवा पु¥याउने लक्ष्यका यस पटकको विराट एक्स्पो २०७९ कृषि तथा औद्योगिक अन्तर्राष्ट्रिय औद्योगिक प्रदर्शनीमा केही आधुनिक प्रविधिहरू जस्तै- भिआर, होलोग्राम, रोबट आदिको प्रयोग गर्ने प्रयास गरिएको छ । आर्थिक मुद्दाहरूमा हरेक दिन थिमेटिक सेसनहरू आयोजना गरिएको छ । यस एक्स्पोले प्रदेशकै गौरव र प्रतिष्ठा अभिवृद्धि गर्दै औद्योगिक एवं आर्थिक विकासका विविध आयामहरूमा सकारात्मक प्रभाव पार्ने संगठनको विश्वास छ । तसर्थ, विराट एक्स्पो २०७९ को लाई अवलोकन गर्न यहााहरू सबैलाई सादर आमन्त्रण गर्दछु ।

यस एक्स्पोलाई सफलतापूर्वक सम्पन्न गर्न सबै सरकारी, गैरसरकारी, निजी, सामाजिक क्षेत्रका सबै सरोकारवाला, मिडिया तथा आम सर्वसाधारणहरूबाट साथसहयोग र सुझाव पाइरहने मेरो विश्वास छ ।



## भोलेश्वर दुलाल
## संयोजक
## विराट एक्स्पो २०७९ कृषि तथा औद्योगिक अन्तर्राष्ट्रिय प्रदर्शनी
## व्यवस्थापन समिति उद्योग संगठन मोरङ

उद्योग संगठनले अघिल्ला संस्करणहरूको सफलता र ऐतिहासिकताको निरन्तरतास्वरूप यस पटक सातौं संस्करणका रूपमा विराट एक्स्पो २०७९ कृषि तथा औद्योगिक अन्तर्राष्ट्रिय प्रदर्शनीको आयोजना गर्दैछ। यही २०७९ साल २९ मंसिरदेखि ६ पुससम्म विराटनगर महानगरपालिका १४ स्थित डिग्री क्याम्पसका प्राङ्गणमा आयोजना हुने यस प्रदर्शनीमा कृषि र कृषि प्रविधिहरू, औद्योगिक मिलमेसिनरी तथा प्रत्यक्ष उत्पादन पद्धतिको प्रदर्शनी, स्वदेशी मौलिक उत्पादन, व्यावसायिक विकास, वित्तीय सेवा एवं उपभोक्तालक्षित उत्पादनहरूको प्रदर्शनी गरिनेछ। दैनिक साङ्गीतिक कार्यक्रम, खाना उत्सव, पर्यटकीय गन्तव्यबारे सूचना तथा टुर प्याकेज, सेन्ट्रल डिजिटल डिस्प्ले लगायतका विषयहरू एस्क्पोमा समावेश गरिएका छन्।

विराट एक्स्पो २०७९ मा आर्थिक एवं औद्योगिक क्षेत्रका विषयगत मुद्दाहरूमा नीतिगत छलफल, अनुभव आदान प्रदान गर्न दैनिक रूपमा फरक-फरक विषयमा प्राविधिक सत्रहरू, अन्तरक्रिया तथा सेमिनारहरूको आयोजना गरिनेछ। साथै व्यवसायीबिचको सम्बन्धको स्थापनाका लागि प्रदेश नं. १ भरिका सबै जिल्लाहरूको दैनिक जिल्लाविशेष कार्यक्रमहरू आयोजना गर्ने तयारी छ। त्यसैगरी, नवउद्यमीहरूलाई प्रोत्साहन गर्न स्टार्टअप कर्नर, उद्यम व्यवसायको प्रवर्धनका लागि बिजनेस क्लिनिक तथा लघु घरेलु तथा साना उद्यम, MSMEs लक्षित बिजनेस हेल्थ चेक-अपजस्ता इनोभेटिभ कार्यक्रमहरूको आयोजना गरिदैछ।

त्यसैगरी प्रदेश नं. १ मा लगानीका सम्भावना भएका परियोजनाहरूको 'सो केस' गर्न लगानी पेभिलियन, पर्यटकीय गन्तव्यका दृश्यावलोकनका लागि पर्यटन पेभिलियन, काम र कामदार बिचको mismatchलाई सम्बोधन गर्न श्रम, सीप तथा रोजगार पेभिलियनको व्यवस्था गरिएको छ।

विराट एक्स्पोलाई भर्चुअल इकमर्स प्लेटफर्मबाट संसारभरबाट हेर्न र सामान खरिद गर्न मिल्ने गरी व्यवस्था गरिएको छ। स्थानीय खानाका परिकारहरूको प्रत्यक्ष परम्परागत प्रविधिहरूको प्रदर्शनीसमेत एक्स्पोमा समावेश गरिएको छ।


प्रदर्शनीमा ३६१ वटा स्टलहरू छन्। औद्योगिक एवं कर्पोरेट क्षेत्रका स्टलहरू, कृषि तथा कृषि उद्यम, घरेलु तथा साना उद्योग, उत्पादनमूलक औद्योगिक उत्पादन र उत्पादनको प्रक्रिया, व्यावसायिक विकाससेवाहरू, आपूर्ति शृङ्खलाका कर्ताहरू, नवीनतम सोच एवं प्रविधिमा आधारित उद्योगहरू, अन्तर्राष्ट्रिय एवं सेवामूलक, अटोमोबाइल्स, खाद्य परिकार, सूचना एवं शिक्षामूलक लगायतका क्षेत्रबाट प्रदर्शनीमा सहभागिता छ। भारत, बंगलादेश, पाकिस्तान लगायतका मुलुकबाट समेत प्रतिनिधिमूलक कर्पोरेट स्टलहरू छन्। प्रदर्शनीमा प्रदेश नं. १ का सर्वसाधारण, संघ, प्रदेश र स्थानीय सरकारका उच्चपदस्थ नीति निर्माताहरू, उद्योगी/व्यवसायीहरू, विद्यार्थीहरू, कृषकहरूका साथै छिमेकी मुलुक भारतको विहारको सीमावर्ती क्षेत्रबाट समेत गरी करिब ३ लाख दर्शकले अवलोकन गर्ने हाम्रो विश्वास छ ।

विराट एक्स्पो २०७९-लाई अहिलेसम्मकै उत्कृष्ट औद्योगिक प्रदर्शनीका रूपमा सम्पन्न गर्न यहााहरूले प्रदान गर्नुभएको आत्मीयता, साथ, सहयोग र सुझावका लागि सबैमा हार्दिक आभार व्यक्त गर्दछु।


# अन्तर्राष्ट्रिय व्यापारको अवस्था आयात र निर्यात रु.मा गत ५ बर्षको

| आर्थिक बर्ष | कुल वैदेशिक व्यापार | व्यापार बृद्धि | आयात | आयात बृद्धि | निर्यात | निर्यात बृद्धि |
|---|---|---|---|---|---|---|
| २०७८/७९ | २१ खर्ब २० अर्ब | २६.१५% बृद्धि | १९ खर्ब २० अर्ब | २६.१५% | २ खर्ब | ४१.७४% |
| २०७७/७८ | १६ खर्ब ८० अर्ब | ७५,०२४ | १५ खर्ब ४९ अर्ब | २८.६६% | १ खर्ब ४१ अर्ब | ४४.४३% |
| २०७६/७७ | | | ११ खर्ब ९६ अर्ब | -१५.६३% | ९७ अर्ब ७० करोड | ०.६२% |
| २०७५/७६ | | | १४ खर्ब १८ अर्ब | १३.९३% | ९७ अर्ब १० करोड | १९.३६% |
| २०७४/७५ | | | १२ खर्ब ४५ अर्ब | | ८१ अर्ब ३५ करोड | |

## बिगत ५ बर्षका निर्यात परिवर्तन प्रतिशत




## बिगत ५ बर्षको आयात परिवर्तन प्रतिशत





श्रोत : भन्सार विभाग र अर्थ मन्त्रालय

# राजश्व संकलनको अवस्था रु.मा गत ५ बर्षको

(भन्सार राजश्व र आन्तरिक वा गैह्र भन्सार राजश्व)

| आर्थिक बर्ष | भान्सार राजस्व लक्ष | भन्सार राजस्व सङ्कलन |
|---|---|---|
| २०७४/७५ | ३२५.७२ | ३१६ .६६ अर्ब |
| २०७५/७६ | ४१८.०५ | ३६२ .७५ अर्ब |
| २०७६/७७ | ४७३.५ | ३०५ .३७ अर्ब |
| २०७७/७८ | ४४०.२७ | ४४३ .२७ अर्ब |
| २०७८/७९ | ५३०.०१ | ५०६ .२१ अर्ब |




श्रोत : भन्सार विभाग र अर्थ मन्त्रालय

# नेपाल सरकारको बार्षिक बजेट वास्तविक खर्च


(साधारण खर्च र विकास खर्च) (गत ५ बर्षको रुमा)

| आर्थिक बर्ष | बजेटको आकार | चालु | पूँजीगत | वितिय व्यवस्था | कुल गृहस्थ (वार्षीक) |
|---|---|---|---|---|---|
| २०७४/७५ | १२.७८ खर्ब | ८.३ खर्ब | ३.३५ खर्ब | १.४० खर्ब | ८.९८% |
| २०७५/७६ | १३.१५ खर्ब | ८.४५ खर्ब | ३.१३ खर्ब | १.५५ खर्ब | ७.६२% |
| २०७६/७७ | १५.३२खर्ब | ९.५७ खर्ब | ४.८ खर्ब | १.६७ खर्ब | ६.६६% |
| २०७७/७८ | १४.७४ खर्ब | ९.४८ खर्ब | ३.५२ खब | १.७२ खर्ब | -२.३७% |
| २०७८/७९ | १६.४७ खर्ब | ६.७८ खर्ब | ३.७४ खर्ब | १.७ खर्ब | ४.२५% |

श्रोत : अर्थ मन्त्रालय

# नेपाल सरकारको बार्षिक बजेट वास्तविक खर्च

| आर्थिक बर्ष | बजेट वास्तविक खर्च (रु. लाखमा) |
|---|---|
| २०७४/७५ | ९,६७,६३,३२ |
| २०७५/७६ | ९,५७,९८,०१ |
| २०७६/७७ | १०,९१,३३,३१ |
| २०७७/७८ | ११,९६,६७,६० |
| २०७८/७९ (संशोधित अनुमान) | १४,४७,५१,७१ |




श्रोत : अर्थ मन्त्रालय र महालेखा परिक्षकको कार्यालय

# बैदेशिक रोजगारमा गएका श्रमिकहरुको संख्या गत ५ बर्षको विवरण


| आर्थिक बर्ष | मलेशिया | कतार | साउदी अरेबिया | यूएई | कुवेत | अन्य | जम्मा |
|---|---|---|---|---|---|---|---|
| २०७४/७५ | १०४,२०७ | १०३,१७४ | ४०,९६३ | ६०,२४३ | १७,५५५ | ३५,८८१ | ३६२,०२३ |
| २०७५/७६ | ९,९९९ | ७५,०२४ | ४६,०८० | ६२,७७६ | १५,९९५ | ३३,९९४ | २४३,८६८ |

श्रोत : बैदेशिक रोजगार विभाग



## बैदेशिक रोजगारबाट नेपालमा आएको बिप्रेषणको रकम रु (रेमिट्यान्स) गत ५ बर्षको विवरण

| आर्थिक बर्ष | बिप्रेषणको रेमिट्यान्स रु (अर्बमा) | प्रतिशतमा (%) |
|---|---|---|
| २०७८/७९ | रु १००७.३१ | १९.८०% |
| २०७७/७८ | रु ९६१.०५ | ९.८०% |
| २०७६/७७ | रु ८७५.०३ | -०.५०% |
| २०७५/७६ | रु ८७९.२७ | ३१.५०% |
| २०७४/७५ | रु ७५५.०६ | ८.६०% |




श्रोत : राष्ट्र बैंक र अर्थ मन्त्रालय

## उद्योग संगठन मोरङको गौरवपूर्ण प्रस्तुति

## विराट एक्स्पो सातौ संस्करण

## विराट एक्स्पो २०७९ कृषि तथा औद्योगिक अन्तर्राष्ट्रिय प्रदर्शनी

मिति : २०७९ मङसिर २९ देखि पुस ६ गतेसम्म

स्थान : डिग्री क्याम्पस, विराटनगर

समय : बिहान १० देखि साँझ ७ बजेसम्म

टिकट दर : ४ बजेसम्म : रु. ५०, ४ बजेपछि : रु. १००



# विराट
# एक्स्पो २०७९
कृषि-औद्योगिक अन्तर्राष्ट्रिय प्रदर्शनी

# स्टल तथा स्टल सङ्ख्या : जम्मा ३६१

## १. पेभिलियन ४ वटा (४० फिट × ४० फिटसाइजको):

- अ. पर्यटन पेभिलियन (६ वटा)
- आ. लगानी पेभिलियन (६ वटा)
- इ. श्रम-रोजगार तथा सीप पेभिलियन (१८ वटा)
- ई. स्टार्टअप पेभिलियन (२४ वटा)

## २. प्रायोजक स्टल : १० वटा (६ मि×६मि)

## ३. उद्योग संगठन मोरङ कार्यसमिति परिसर

- २६ वटा स्टल

## ४. औद्योगिक (कर्पोरेट तथा डिस्प्ले प्रोडक्ट) परिसर (डोम १)

- ७५ वटा स्टल

## ५. औद्योगिक (कन्जुमर प्रोडक्ट) परिसर (डोम २)

- ७५ वटा स्टल (विराट व्यापार संघद्वारा प्रवर्द्धित ४० वटा स्टल समेत)

## ६. कृषि तथा साना घरेलु एवम् सूचनामूलक (वस्तु तथा सेवा) परिसर (डोम ३)

- ७५ वटा स्टल (प्रदेश सरकार कृषि मन्त्रालयद्वारा प्रवर्द्धित २० वटा स्टल र नेपाल घरेलु तथा साना उद्योग महासंघ, प्रदेश नं १ द्वारा प्रवर्द्धित १० वटा स्टल समेत)

## ७. नाडा प्रदेश १ र मोरङ अटोमोबाइल एसोसिएसनद्वारा प्रवर्द्धित अटोमोबाइल परिसर

## ८. खाद्य परिसर

- १० वटा स्टलहरू

विराट
एक्स्पो २०७९
कृषि-औद्योगिक अन्तर्राष्ट्रिय प्रदर्शनी

# १. कृषि तथा औद्योगिक प्रदर्शनी

## अ. औद्योगिक उत्पादन, प्रविधि तथा सेवाको प्रदर्शनी

नेपालका प्रमुख तथा चर्चित औद्योगिक ब्रान्डहरू खुकुरी रम, म्याजिक फुटवेयर, सेन्चुरी स्पाइसेस एण्ड स्न्याक्स, डाबर, निम्बस, सिजी, लगायत ३०० भन्दा बढी औद्योगिक र कर्पोरेट क्षेत्रको सहभागिता रहेको ।



## आ. कृषि सामाग्री, कृषि औजार, मेसिन उपकरण तथा कृषि लजिस्टिक प्रदायकहरूको प्रदर्शनी

भारतका कृषिजन्य मिल-मेसिनरी उत्पादन गर्ने कम्पनीहरू अञ्जली इन्टरप्राइजेज, प्रगति इन्जिनियर्स, राशि इन्जिनियर्स, भारद्वाज इन्टरप्राइजेज लगायतका कृषि तथा औद्योगिक मिल- मेसिनरी उत्पादन गर्ने कम्पनीहरूको सहभागिता हुने । त्यसैगरी नेपाल कृषि मेसिनरी व्यवसायी संघको समेत कृषि प्रविधि प्रदर्शन सहितको सहभागिता रहेको ।



कृषि तथा औद्योगिक क्षेत्रमा लजिस्टिक तथा अन्य व्यावसायिक विकासका सेवाहरू प्रदान गर्ने कम्पनीहरू नेपाल क्यान मुभ प्रा.लि., उपाय सिटी कार्गो प्रा.लि., मण्डला एग्रिफ्रेस, फ्लास फ्रेट लजिस्टिक प्रा.लि. लगायतका कम्पनीहरूको सहभागिता रहेको ।

## इ. भारत, पाकिस्तान र बङ्गलादेशबाट सहभागिता

मिल-मेसिनरी तथा अन्य उत्पादनहरू सहित पाकिस्तानबाट छालाजन्य उत्पादनहरू, बङ्गलादेशबाट गार्मेन्ट्स तथा भारतबाट विशेष गरी स्वास्थ्य र किचेनका आइटमहरूको सहभागिता रहेको ।

## ई. प्रदेश नम्बर १ भरिबाट घरेलु, साना तथा महिला उद्यमशीलताको सहभागिता

तेह्रथुमको ढाका, सङ्खुवासभाको अल्लो, ताप्लेजुङको राडी-पाखी, इलामको ललीपप, चिया तथा जुम्लाका अर्गानिक उत्पादनहरू लगायतको सहभागिता रहेको ।





# २. स्टार्टअप पेभिलियन



केही गरौं भन्ने व्यावसायिक र नयाँ आइडिया भएकालाई उद्यमशीलतामा रूपान्तरण गर्न कुखुराले अण्डाबाट चल्ला निकाल्न जसरी इन्क्युबेटरभैं तापक्रम मेन्टेन गरेर कोरल्छ ठिक त्यस्तै गरी युवाहरूलाई व्यावसायिक वातावरण तयार गर्न व्यावसायिक विकासका सेवाप्रदायकहरूको इकोसिस्टमको प्रदर्शन गरी यस्तो इकोसिस्टमलाई दिगो रूपमा सुदृढ गर्ने लक्ष्यका साथ यो पेभिलियन रहने छ ।

## यसका ३ वटा उद्धेश्य छन् :

पहिलो उद्योग संगठन मोरङले आफ्नै अर्गानिक प्रयासमा गत वर्षदेखि सुरु गरेको स्टार्टअप एन्ड इनोभेसन कार्यक्रम र यसअन्तर्गत उदाउँदै गरेको बिडिएस् इकोसिस्टमको प्रदर्शन गर्ने ।

दोस्रो, यो इकोसिष्टमलाई दिगो र प्रभावकारी बनाउने सामूहिक प्रयासलाई अझ सशक्त बनाउने र नयाँ आइडिया भएका युवा- युवतीहरूलाई आफ्नो आइडिया परीक्षण गर्ने वातावरण तयार गर्ने रहेको छ ।

यस पेभिलियनमा संगठनको स्टार्टअप कार्यक्रमअन्तर्गत दोस्रो ब्याजका लागि छनौट गरिएका १७ वटा स्टार्टअप नवप्रवर्तक उद्यमीहरू, मेन्टर तथा बिजनेस कोचहरू, पूर्वाञ्चल विश्वविद्यालय, अन्तरप्रेरणा प्रा.लि.को बिजनेस हेल्थ चेक अप क्याम्प, नेपाल चार्टर एकाउन्टेन्ट एसोसिएसन, जब डाइनामिक्स, विराटनगर महानगरपालिका र प्रदेश उद्योग श्रम तथा रोजगार मन्त्रालय, इन्जेल इन्भेस्टरका लागि रजिस्ट्रेसन डेस्क, आद्यान्त इन्भेस्टमेन्ट कम्पनी, नबिल बैंक लिमिटेड लगायतका सरोकारवाला तथा व्यावसायिक विकासका सेवा प्रदायकहरूको सहभागिता रहने छ ।

कर्भ आकारको आकर्षक डिजाइनमा तयार हुने यस पेभिलियनको मुख्य प्रवेशद्वारमा प्रश्नवाचक चिह्न राखिएको हुनेछ । व्यावसायिक आइडिया तथा सोच भएको तर के गर्ने, कसो गर्ने भन्ने सूचना ज्ञान नभएको जो कोही पनि एक उद्यमशील नागरिकका रूपमा विकसित होस् भन्ने हेतुले उसलाई प्रश्नवाचक द्वारबाट भित्र पसाएर बिचका सबै स्टलबाट व्यावसायिक सेवा र जानकारीहरू प्राप्त गर्ने वातावरण बनाइएको छ ।




यस कार्यमा स्विस कन्ट्याक्ट, सहज परियोजना र स्टेपअप परियोजनाको सहयोग तथा प्रदेश उद्योग श्रम रोजगार मन्त्रालय, विराटनगर महानगरपालिका, पूर्वाञ्चल विश्वविद्यालय, अन्तरप्रेरणा प्रा.लि., नेपाल चार्टर एकाउन्टेन्ट्स संस्था प्रदेश नं १, असमान नेपाल, नेपाल युवा उद्यमी मञ्च, नबिल बैंक लिमिटेड प्रा. लि. लगायतका संस्थाहरूको सहयोग छ ।

# ३. लगानी पेभिलियन

प्रदेश नं १ मा लगानीका लागि सम्भावित परियोजनाहरूको प्रदर्शन गर्ने, लगानी गर्न इच्छुकहरूका लागि आवश्यक सहजीकरण गर्न उद्योग संगठन मोरङ, प्रदेश लगानी प्राधिकरण, एसिया फाउन्डेसन र कन्सोर्टियम : भिरोक, नियर्स, सिइओ र सावतीको सहकार्यमा प्रदेश नं. १ का लगानीका क्षेत्रहरू, सम्भावित परियोजनाहरू, लगानीको मोडेल, तथा लगानी सहजीकरणका नीतिगत कार्य-व्यवस्थाहरूको विस्तृत जानकारी सहितको लगानी पेभिलियन विराट एक्स्पो २०२२ को अर्को मुख्य आकर्षण रहेको छ।

यस पेभिलियनमा प्रदेश नं १ मा लगानीका लागि योग्य तथा प्रि- फिजिबिलिटी अध्ययन भइसकेका आकर्षक ५ वटा परियोजना डिस्प्लेमा राखिएका छन । र तत् तत् परियोजनासाग सम्बन्धित विज्ञ परामर्शदाताहरूबाट परामर्श सेवा प्रदान गरिनेछ । साथै, प्रदेश नं. १ मा सम्भावित आर्थिक क्लस्टरहरू, कुन क्लस्टरमा कुन वस्तु उत्पादन गर्न सम्भावना छ भन्ने बारेमा तथ्य र तथ्याङ्क सहितका फोटो, डकुमेन्ट लगायतका सामग्रीहरू राखिएका छन ।




# ४. पर्यटन पेभिलियन



प्यागोडा शैलीमा आकर्षक डिजाइनसहित निर्माण गरिने पर्यटन पेभिलियनमा प्रदेश नं. १ का विभिन्न पर्यटकीय गन्तव्यहरूको जानकारी राखिएको छ । महत्वपूर्ण गन्तव्य पाथिभरा, कञ्चनजङ्घा, सगरमाथा बेस क्याम्प र गोक्यो लेक थ्रीडी भिआर प्रविधिबाट भर्चुअल टुर गर्न मिल्ने गरी व्यवस्था गरिएको छ ।

साथै होलोग्राम प्रविधिमार्फत् प्रमुख गन्तव्यहरूको अवलोकन गर्न मिल्ने गरी व्यवस्था गरिएको छ । यस पेभिलियनमा पर्यटन व्यवसायीहरूको संस्था होटल एसोसिएसन, टुर अपरेटर एसोसिएसन लगायतका संस्थाहरू माउन्टेन ˆलाइट, तथा अन्य गन्तव्यहरूको टुर प्याकेजहरू उपलब्ध छ । यस पेभिलियनमा प्रदेश पर्यटन तथा संस्कृति मन्त्रालय र नेपाल पर्यटन बोर्डको समेत सहभागिता छ ।

# ५. श्रम, रोजगार तथा सीप पेभिलियन

प्रदेश सामाजिक विकास मन्त्रालयको समन्वय तथा सहजीकरणमा श्रम, रोजगार तथा सीप पेभिलियनको निर्माण गरिएको छ। रोजगारदाता, तालिम प्रदायकहरू, रोजगार सूचना केन्द्र तथा नीतिगत सहजिकरण गर्ने स्थानीय तथा प्रदेश सरकार समेतले एकै स्थानबाट उपलब्ध काम र दक्ष कामदारबारे हाल भइरहेका प्रयासहरूबारे जानकारी दिने र आगामी दिनमा गर्नुपर्ने नीतिगत परिमार्जनका लागि पृष्ठपोषण लिने गरी  छुट्टै पेभिलियन तयार गरिएको छ। यस पेभिलियनमा सुनसरी-मोरङ औद्योगिक क्षेत्रमा के-कस्ता जनशक्तिहरू काम गर्दछन्, कुन सीप वा दक्षता बढी आवश्यकता छ, आगामी दिनमा के कस्ता सीपमा के-कति जनशक्ति आवश्यक पर्ला भन्ने सन्दर्भमा श्रमको माग पक्षमा संगठनका सदस्य औद्योगिक प्रतिष्ठानहरु मध्ये प्रतिनिधिमुलक ५ वटा कम्पनीहरूका सूचनामूलक स्टल रहेका छन । त्यसपछि मनमोहन प्राविधिक विश्वविद्यालय, सुषमा कोइराला प्राविधिक स्कुल, सीटीईभीटीजस्ता तालिमप्रदायक संस्था अर्थात् आपूर्ति पक्ष रहेका छन् ।

पेभिलियनमा उद्योग मन्त्रालयको रोजगार सूचना केन्द्र र विराटनगर महानगरपालिकाको रोजगार सूचना केन्द्रका स्टल रहेकाछन् । साथै सामाजिक विकास मन्त्रालय, इन्स्योर परियोजना, एनभिक्युएस तथा क्वालिटीपरियोजनाका जानकारीमुलक स्टलहरू रहेका छन् ।



सदस्य उद्योगलाई आवश्यक पर्ने दक्ष जनशक्ती उत्पादनका लागी यस क्षेत्रका सरोकारवाला निकायहरु सरकार, तालिम प्रदायक तथा उद्योग बिच समन्वय गर्न उद्योग संगठन मोरङमा रहेको सीप विकास कार्यक्रम को स्टल रहेको छ जस्ले उद्योगलाई आवश्यक पर्ने दक्ष जनशक्तीको माग संकलन गर्ने र उद्योगमा कार्यरत कर्मचारीको क्षमता अभिबृद्धि गर्न लेथ अपरेटर, बोइलर अपरेटर र पिएएलसि अपरेटरका लागी १०० घण्टाको तालिम प्रदान गर्न इच्छुक कम्पनीहरुबाट माग समेत संकलन गर्दैछ । यस पेभिलियनमा करिअर काउन्सेलिङ, उद्योगका माग अनुसार युवाहरुको बायो डाटा संकलन, अन्तरवार्ता र रोजगारी प्राप्त गर्ने गरि जव फेयर समेत गरिने छ ।



# ६. स्थानीय परिकारहरूको प्रस्तुति



समग्र स्थानीय अर्थतन्त्रको विकासका लागि स्थानीय खाना तथा खानाका परिकारहरूको व्यावसायिक रूपान्तरण हुन आवश्यक छ । स्थानीय खानाका परिकारहरूको व्यावसायिक रूपान्तरणले समग्र खाद्य उत्पादन र प्रशोधनको मूल्यशृङ्खलालाई चलायमान बनाई प्रभावकारी मागलाई बढोत्तरी गर्दछ भन्ने मान्यताका साथ स्थानीय खानाहरू, घुंगी, भक्का, सेल रोटी, केरा तथा च्याउका स्वादिष्ठ परिकारहरू, नेवारी, थकाली खाना-खाजा आदिको प्रवर्धनका लागि एक्स्पो परिसरमा प्राथमिकताका साथ स्थान दिइएको छ ।

# ७. परम्परागत सीपको लाइभ प्रस्तुति



परम्परागत सीप तथा प्रविधिको जगेर्ना गर्दै लैजानु पर्दछ भन्ने मान्यताका साथ यस अन्तर्राष्ट्रिय एक्स्पोमा माटाका भाडाकुडा बनाउने, खाडीको कपडा बुन्ने तान, बासका चोयाबाट ढकी, डालो, नालो बनाउने, गहुको छ्वालीबाट बन्ने छ्वाली आर्ट लगायतको लाइभ प्रस्तुति गरिएको छ भने भक्तपुर घरेलु तथा साना उद्योग संघको सौजन्यमा पाचतले मन्दिरको प्रदर्शन गरिएको छ । भने औद्योगिक नगरि विराटनगरको औद्योगिक इतिहासलाई झल्काउने बिम्बमा रुपमा पुराना मेशिन औजारहरु समेत प्रदर्शनीमा रहेका छन ।

# ८. सेन्ट्रल डिजिटल डिस्प्ले




सुनसरी-मोरङ औद्योगिक करिडोरमा भएका सबै प्रकारका औद्योगिक उत्पादनहरू, कृषि तथा पर्यटन लगायतका क्षेत्रहरूको अवस्था, ऐतिहासिकता एवम् सम्भावना उजागर गर्ने भिडियो सामग्रीहरू, सूचनामूलक तथा कमर्सियल विज्ञापनहरू प्रसारण गर्न एक्स्पो परिसरमा छुट्टै डिजिटल डिस्प्ले बोर्डको व्यवस्था गरिएको छ । सशुल्क तथा निःशुल्क रूपमा प्रचारका सामग्रीहरू प्रसारण गर्न मिल्ने यस बोर्डमा मुख्य स्टेजका महत्त्वपूर्ण कार्यक्रमहरू हेर्न मिल्ने गरी व्यवस्था मिलाइएको छ ।

# ९. थिमेटिक सेसन तथा सेमिनार

कृषि, पर्यटन र उद्योगलाई केन्द्रमा राखेर यस्को यान्त्रिकीकरण, व्यवसायीकरण तथा औद्योगिकीकरणमा सहजीकरण गर्ने उद्देश्यले दैनिक विविध विषयहरूमा प्राविधिक थिमेटिक सत्रहरू समुद्घाटन कार्यक्रमको भोलिपल्ट अर्थात १ पुशबाट ६ गतेसम्म दैनिक सञ्चालन गरिदैछ ।



एक्स्पो परिसर मै १०० सहभागी क्षमताको सेमिनार कक्ष निर्माण गरी सबै थिमेटिक सत्रहरू सञ्चालन गरिने व्यवस्था मिलाइएको छ । आफ्नो विषयसाग सम्बन्धित सत्रहरूमा उद्योगी, व्यवसायी, कृषक, श्रमिक, राजनीतिकर्मी, कर्मचारी, प्राध्यापक, विद्यार्थी, शिक्षक, पत्रकार, युवा, स्टार्टअप वा अन्य जो कोही पनि कार्यक्रममा सहभागी हुन सकिने भएकोले सम्पूर्णमा थिमेटिक शेशनहरुमा सहभागि हुन सकिने व्यवस्था छ ।



**Birat Expo 2022 Agro-Industrial International Exhibition**
**Date: 15 – 21 December, 2022**
**Venue: Degree Campus, Biratnagar**

# कार्यक्रमको रुपरेखा

| मिति | समय | कार्यक्रम |
|---|---|---|
| बिहिवार<br>२९ मङ्सिर, २०७९<br>(15th Dec, 2022) | 2.00 pm | **विराट एक्स्पो २०७९ को समुद्घाटन सत्र**<br>सम्माननीय राष्ट्रपति विद्यादेवी भण्डारीज्यूबाट |
| | 5.00 pm onwards | Cultural Program (performed by band Swoopna Suman) |
| शुक्रवार<br>१ पुस, २०७९<br>(16th Dec, 2022) | 11.00 – 3.00 pm | **थिमेटिक क्षेत्र : नीतिगत वातावारण**<br>**सत्र १ : प्रदेश नं. १ मा लगानी प्रवर्धन गर्ने नीतिगत वातावरण**<br>मुख्य वक्ता : डा. जगदिश चन्द्र पोखरेल, पूर्व उपाध्यक्ष, राष्ट्रिय योजना आयोग<br>प्यानलिष्ट : १. श्री सुयश प्याकुरेल, अध्यक्ष, उद्योग संगठन मोरङ<br>२. श्री सुमन दाहाल, सह-सचिव, अर्थ मन्त्रालय<br>३. डा. भेष प्रसाद धमला, अर्थशास्त्री<br>४. श्री शान्ता बाँस्कोटा कोइराला, म्यानेजिङ डाइरेक्टर, कञ्चनजंगा टि स्टेट एण्ड रिसर्च सेन्टर<br>**सत्र २ : प्रदेश नं. १ को आर्थिक बृद्धि : सम्भाब्य क्षेत्र, वस्तु तथा सेवाहरु**<br>मुख्य वक्ता : डा. अर्जून बराल, प्राध्यापक, डिग्री क्याम्पस विराटनगर<br>प्यानलिष्ट : १. डा. पूर्ण लोक्सोम, उपाध्यक्ष, प्रदेश योजना आयोग<br>२. श्री प्रदिप मुरारका, बरिष्ठ उपाध्यक्ष, उद्योग संगठन मोरङ<br>३. डा. ऋषिराम कट्टेल, सहप्राध्यापक, कृषि तथा बन विश्वविद्यालय, रामपूर चितवन<br>४. श्री भविश श्रेष्ठ, संयोजक, पर्यटन समिति, नेपाल उद्योग वाणिज्य महासंघ प्रदेश नं १ |
| | 5.00 pm onwards | Cultural Program (performed by national singer Mr. Deepak Bajracharya) |
| | | |
| शनिवार<br>२ पुस, २०७९<br>(17th Dec, 2022) | 11.00 – 3.00 pm | **थिमेटिक क्षेत्र : पूर्वाधार तथा क्षेत्रीय सञ्जाल**<br>**सत्र ३ : प्रदेश १ मा लगानीका सम्भावना र अवसरहरु**<br>मुख्य वक्ता : डा. सरोज कोइराला, प्रमुख कार्यकारी अधिकृत, प्रदेश लगानी प्राधिकरण/<br>श्री राधेस पन्त, पूर्व कार्यकारी अधिकृत, लगानी बोर्ड नेपाल<br>प्यानलिष्ट : १. श्री अमृत लम्साल, सहसचिव, लगानी बोर्ड नेपाल<br>२. श्री जय कुमार घिमिरे, सचिव प्रदेश योजना आयोग, प्रदेश न. १<br>३. श्री राजेन्द्र राउत, उपाध्यक्ष, नेपाल उद्योग वाणिज्य महासंघ, प्रदेश नं १<br>४. श्री बर्षा श्रेष्ठ, बिजनेश प्रमुख, ICRA Nepal (a credit rating agency)<br>५. श्री घनश्याम ओझा, भर्टिकल लिड, Nepal Infrastructure Bank (NIFRA)<br>**सत्र ४ : प्रदेश नं १ को क्षेत्रिय सञ्जाल-सम्बन्ध र व्यापारिक अवसर**<br>मुख्य वक्ता : डा. पोषराज पाण्डे, अध्यक्ष, सावती<br>प्यानलिष्ट : १. श्री रवि सैंजु, पूर्व सहसचिव, नेपाल सरकार<br>२. श्री श्याम दाहाल Accredited WCO Customs Modernization Advisor तथा विशिष्ठ सल्लाहकार, उद्योग संगठन मोरङ<br>३. श्री अनिल सारडा, महासचिव, मोरङ व्यापार संघ<br>४. डा. पारस खरेल, कार्यकारी निर्देशक, सावती |
| | 5.00 pm onwards | Cultural Program<br>(performed by national singer Mr. Sugam Pokharel) |
| आइतवार<br>३ पुस, २०७९<br>(18th Dec, 2022) | 11.00 – 2.00 pm | **थिमेटिक क्षेत्र : पर्यटन**<br>**सत्र ५ : प्रदेशको पर्यटन क्षेत्रमा लगानी सम्भावनाका बहुआयामिक पक्षहरू**<br>मुख्य वक्ता : प्रा.डा. विजु थपलिया, डिन, पूर्वाञ्चल विश्वविद्यालय |

| | | |
|---|---|---|
| | | **सत्र ६ : पर्यटन-प्रवर्धन : के गर्ने-के नगर्ने ?**<br>मुख्य वक्ता : श्री दिपक जोशी, संस्थागत  कार्यकारी सदस्य, विश्व पर्यटन सञ्जाल<br>**सत्र ७ : पर्यटन र मिडिया**<br>मुख्य वक्ता : श्री प्रतिक प्रधान, प्रधान सम्पादक, बाह्खरी डिजटल मिडिया |
| | 2.00 – 4.00 pm | **विशेष शत्र ८ : बदलिँदो राजनीति र खस्कँदो अर्थतन्त्र : युवा नेतृत्वको भूमिका**<br>मोडेरेटर : श्री जनार्दन बराल, अध्यक्ष, नेपाल आर्थिक पत्रकार समाज, सेजन<br>प्यानलिष्ट : १. माननीय श्री योगेश भट्टराई, नेकपाएमाले<br>२. माननीय श्री प्रदिप पौडेल, नेपाली काँग्रेस<br>३. माननीय डा. विमला राई पौडेल, राष्ट्रिय सभा<br>४. माननीय मनिष झा, राष्ट्रिय स्वतन्त्र पाटी एवं प्रमुख कार्यकारी अधिकृत फ्याक्ट नेपाल |
| | 5.00 pm onwards | Cultural Program: (Performed by Rapper Mr. D.) |
| सोमवार<br>४ पुस, २०७९<br>(19th Dec, 2022) | 11.00 – 3.00 pm | **थिमेटिक क्षेत्र : अनुसन्धान र प्रविधि**<br>**सत्र ९ : शून्य लगानी खेती-प्रणाली**<br>- डिग्री क्याम्पस, विराटनगर<br>**सत्र १० : अन्न भण्डारणको वैज्ञानिक पद्दती : चिनारी**<br>- श्री निश्चित अर्याल, चिफ बिजनेश अफिसर, नेपाल वेयरहाउजिङ कम्पनी लिमिटेड<br>**सत्र ११ : खाद्य प्रशोधन : परम्परागत प्रविधि नयाँ अवसर**<br>- धरान बहुमुखी क्याम्पस, धरान<br>**सत्र १२ : प्रशोधित खाद्यको गुणस्तर**<br>- केन्द्रिय खाद्य प्रविधि क्याम्पस, धरान<br>**सत्र १३ : मासु प्रशोधनको प्रविधि र उद्योग**<br>- प्रा.डा. दिलिप सुब्बा |

| | | |
|---|---|---|
| | | **सत्र १४ : नेपालमा अलैंची ड्रायर प्रविधिको रुपान्तरण**<br>- श्री विजय कुमार सेडाई, Aspiring Engineer & Researcher Sustainable Agriculture Technology Singhabahini Engineering Works & Energy Pvt. Ltd |
| | 5.00 pm onwards | Cultural Program<br>(performed by national singer Ms. Asmita Adikari) |
| | 6.00 pm onwards | Nepal – Bangladesh Business Networking Reception, hosted by H.E Salahuddin Noman Chowdhury, Ambassador of the People's Republic of Bangladesh<br>Venue : Hotel Ratna, Biratnagar |
| मङ्गलवार<br>५ पुस, २०७९<br>(20th Dec, 2022) | 11.00 – 4.00 pm | **थिमेटिक क्षेत्र : नवप्रवर्तन (स्टार्टअप)**<br>**सत्र १५ : प्रदेश १ मा नवप्रवर्तन (स्टार्टअप) तथा कृषि व्यवसायका अवसर र अवरोधहरू**<br>**मोडेरेटर** : श्री रञ्जित आचार्य, सभापती, स्टार्टअप एण्ड इनोभेशन समिति, नेपाल उद्योग वाणिज्य महासंघ<br>**प्यानल :**<br>१. श्री मनोज पौडेल, को-फाउण्डर तथा व्यवस्थापन पार्टनर, आद्यान्त<br>२. श्री गौतम गुरुङ, को-फाउण्डर, अर्गानिक अनलाइन<br>३. श्री प्रकृति गौतम, को-फाउण्डर, खेतिपाती अर्गानिक्स (धनकुटा)<br>४. श्री बिष्णु कोइराला, प्रमुख कार्यकारी अधिकृत, विराटनगर महानगरपालिका<br>**सत्र १६ : प्रदेश १ मा कृषि व्यवसाय लजिस्टिक सेवाहरू : अनुभव र अबको बाटो**<br>**मोडेरेटर** : श्री ब्रजेश मल्ल, एक्सेस टु फाइनान्स एक्स्पर्ट, सहज परियोजना<br>**प्यानल :** १. श्री पशुपति पोखरेल, उप-सचिव, कृषि मन्त्रालय प्रदेश नं. १<br>२. श्री सुमन रायामाझी, को-फाउण्डर तथा प्रवन्ध निर्देशक, उपाय सिटी कार्गो<br>३. श्री जोसेप श्रेष्ठ, प्रवन्ध निर्देशक, रिभर्स भेन्डिङ मेशिन<br>४. श्री सोफियाबाल तामाङ, फाउण्डर, मण्डला एग्री फ्रेश<br>५. श्री संगम पौडेल, चिफ विजनेश डेभलपमेन्ट म्यानेज, नेपाल क्यान मुभ<br>**सत्र १७ : उदीयमान नवप्रवर्तन (स्टार्टअप) इकोसिस्टम र इन्कुबेटरहरू : आगामी मार्गचित्र** |

| | | |
|---|---|---|
